# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड ५८) काठमाडौं, असोज ३ गते २०६५ साल (अतिरिक्ताङ्क २७


# भाग ३

नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना-१

## अन्तःशुल्क (नवौं संशोधन) नियमावली, २०६५

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "अन्तःशुल्क (नवौं संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ को नियम २ मा संशोधनः अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ :-

"(ङ) "अन्तःशुल्क विवरण" भन्नाले अन्तःशुल्क असुल तथा दाखिला गर्ने दायित्व भएका इजाजतपत्रवालाले प्रत्येक महिना बुझाउनु पर्ने अन्तःशुल्क लाग्ने बस्तु तथा सेवाको कारोवार सम्बन्धी विवरण सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः-

"३. **इजाजतपत्रका लागि निवेदन दिनु पर्ने** :- ऐनको दफा ९ को उपदफा (१) बमोजिम इजाजतपत्र लिनका लागि अनुसूची-२ बमोजिमको इजाजतपत्र दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ :-

"४. **इजाजतपत्र दिनु पर्ने**:- नियम ३ बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकको माग बमोजिम इजाजतपत्र दिन मनासिव देखेमा अन्तःशुल्क अधिकृतले अनुसूची - ३ बमोजिमको ढाँचामा आवश्यक शर्त तथा वन्देजहरु तोकी इजाजतपत्र दिनु पर्नेछ ।"

५. मूल नियमावलीको नियम ५ मा संशोधन :- मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ:-

"५. **इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) इजाजतपत्रवालाले आफूले प्राप्त गरेको इजाजतपत्र नवीकरण गराउन चाहेमा त्यस्तो इजाजतपत्र नवीकरणको लागि अनुसूची - २ बमोजिमको नवीकरण दस्तूर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अन्तःशुल्क बाँकी वक्यौता भएको नदेखिएमा र इजाजतपत्र नवीकरण गर्न मनासिव देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनुपर्नेछ ।"

६. मूल नियमावलीमा नियम ५क थप : मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क. थपिएको छः-

"५क. **इजाजतपत्र रद्द सम्बन्धी व्यवस्थाः** (१) कुनै इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्न छाडेको वा इजाजतपत्रवालाको मृत्यु भएको कारणले इजाजतपत्र रद्द गर्नुपर्ने भएमा कारोवार छाडेको हकमा इजाजतपत्रवालाले र इजाजतपत्रवालाको मृत्यु भएको हकमा निजको हकवालाले इजाजतपत्र रद्द गर्न अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र रद्द गर्न मनासिव देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालासँग कुनै अन्तःशुल्क रकम, जरिवाना असूल गर्न बाँकी भए सो असूल उपर गरी इजाजतपत्र रद्द गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी तीस दिन भित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा इजाजतपत्र रद्द गर्नु नपर्ने देखिएमा सोही बमोजिमको जानकारी तीस दिन भित्र निवेदकलाई दिनुपर्नेछ ।

(५) उपनियम (३) बमोजिम इजाजतपत्र रद्द भएको जानकारी प्राप्त नभएसम्म मासिक रुपमा अन्तःशुल्क विवरण पेश गर्नु पर्ने दायित्व भएका इजाजतपत्रवालाले तीन महिनासम्म अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य सम्बन्धित निकायलाई समेत दिनु पर्नेछ ।"

७. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

"६. अन्तःशुल्क लगाउने प्रक्रिया : (१) मदिरा, स्प्रिट, खुदो (मोलासेस), वियर र चुरोटलाई उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ ।

(२) उपनियम (१) मा उल्लिखित वस्तु बाहेकका अन्य अन्तःशुल्क लाग्ने वस्तु तथा सेवालाई स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ ।

(३) उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असूल उपर गर्नु पर्ने भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा उत्पादकले आर्थिक वर्षभरीमा उत्पादन गर्ने वस्तु र सो वापत बुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाब गरी त्यस्तो रकम उत्पादकबाट अग्रीम रुपमा धरौटी राख्न लगाउन सक्नेछ । त्यसरी धरौटी राखिएको रकम अन्तःशुल्क वापत बुझाउनु पर्ने रकम भन्दा कम भएमा अन्तःशुल्क अधिकृतले नपुग रकम जति उत्पादकबाट दाखिला गर्न लगाउन सक्नेछ र बढी भए जति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ ।

(४) स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तु तथा सेवाका हकमा अनुसूची-१३ बमोजिमको बिजकमा अन्तःशुल्क असुल गरी ऐनको दफा ३ बमोजिम दाखिला गर्नु पर्नेछ ।

तर त्यसरी बुझाउनु पर्ने अन्तःशुल्क रकमलाई सो महिनामा अग्रीम रुपमा बुझाउन अन्तःशुल्क अधिकृतले आदेश दिन सक्नेछ ।

(५) भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका वस्तुको निष्कासन माग फाराम स्वीकृत भएपछि पनि अनुसूची - १३ बमोजिमको बिजक जारी गरी सामान निष्कासन गर्नुपर्नेछ ।"

८. मूल नियमावलीमा नियम ६क., ६ख., ६ग. र ६घ. थप : मूल नियमावलीको नियम ६ पछि देहायका नियम ६क., ६ख., ६ग. र ६घ. थपिएका छन्:-

"६क. अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने: (१) ऐनको दफा १०घ. को उपदफा (१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्दा अनुसूची-४क. बमोजिमको ढाँचामा अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको आदेशका सम्बन्धमा ऐनको दफा १०घ. को उपदफा (२) बमोजिमको म्यादभित्र पेश भएका प्रमाण तथा लिएका जिकिरको छानविन गरी अन्तःशुल्क अधिकृतले अनुसूची ४ख. बमोजिमको अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ । त्यस्तो आदेशमा अन्तःशुल्क निर्धारण आदेश जारी भएको मितिसम्मको ऐनको दफा ४ख. को उपदफा (२) बमोजिम लाग्ने विलम्ब दस्तुर समेत समावेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम जारी भएको अन्तःशुल्क निर्धारण आदेश बमोजिमको अन्तःशुल्क, विलम्ब दस्तूर तथा जरिवाना रकम सम्बन्धित व्यक्तिले त्यस्तो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

६ख. अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउने कार्यविधिः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालालाई नियम ६क. बमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउँदा निजलाई बुझाउन वा त्यस्तो व्यक्तिको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै विद्युतिय उपकरण मार्फत पठाउन वा निजको कार्यालयमा बुझाउन वा निजको ठेगानामा रजिष्ट्री गरी हुलाक मार्फत पठाई तामेल गर्न सकिनेछ । त्यसरी तामेल गरिएको सूचना रीतपूर्वक तामेल भएको मानिनेछ ।

(२) उपनियम (१) बमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रशारण वा प्रकाशन गरी जानकारी गराउन सक्नेछ र यसरी सूचना प्रसारण वा प्रकाशन गरिएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो सूचना प्राप्त गरेको मानिनेछ ।

६ग. इजाजत पत्र नलिई उठाएको अन्तःशुल्कको निर्धारण र असुली : कसैले इजाजतपत्र नलिई अन्तःशुल्क वा अन्तःशुल्कको नाममा अन्य कुनै रकम उठाएमा निजले उठाएको अन्तःशुल्क रकम नियम ६क. बमोजिम निर्धारण गरी असूल उपर गरिनेछ ।

६घ. अन्तःशुल्क निर्धारणको अवधि : ऐनको दफा १०घ. को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको अवधि गणना गर्दा अन्तःशुल्कको सम्बन्धमा कुनै अदालतमा निवेदन

परी स्थगन आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ ।"

९. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को उपनियम (२) झिकिएको छ ।

१०. मूल नियमावलीमा परिच्छेद ५क थप : मूल नियमावलीको परिच्छेद-५ पछि देहायको परिच्छेद-५क. थपिएको छ :-

"परिच्छेद ५क.

कारोवारको अभिलेख सम्बन्धी व्यवस्था

१३क. अभिलेख राख्नु पर्ने :– (१) इजाजतपत्रवालाले ऐन र यस नियमावलीको प्रयोजनको निमित्त देहायका कागजात र विवरणको अभिलेख राख्नु पर्नेछ :-

(क) चुरोट उत्पादक इजाजतपत्रवालाले अनुसूची- ४, ५, ६, ७, ८, ९ र ९क. बमोजिमका खाता र तिनको विवरण,

(ख) मदिरा, स्प्रिट, खुदो र वियर उत्पादक इजाजतपत्रवालाले अनुसूची - ४, ९क., १०, ११ र १२ बमोजिमका खाता, फाँटवारी र तिनको विवरण,

(ग) अन्तःशुल्क विवरण वुझाउनु पर्ने सबै इजाजतपत्रवालाले अनुसूची-४ग. र ४घ. बमोजिमका खरिद तथा बिक्री खाताहरु,

(घ) आफूले जारी गरेका तथा प्राप्त गरेका बिजकहरु,

(ङ) व्यापार, लेखा, नगद प्राप्ती र भुक्तानी सम्बन्धी अभिलेख,

(च) आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरु,

(छ) विभागले तोकेका अन्य कागजातहरु ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उद्योग वा खास व्यवसायको लागि थप अभिलेखहरु राख्नुपर्ने गरी विभागले तोक्न सक्नेछ ।

(३) इजाजतपत्रवालाले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरु विभागको अनुमति लिई कम्प्यूटर वा त्यस्तै अन्य यान्त्रिक प्रणालीमा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ ।

(४) यस नियम बमोजिम इजाजतपत्रवालाले राखेको अभिलेख अन्तःशुल्क अधिकृतले कारोबार समय वा कार्यालय समयमा जुनसुकै बखत हेर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अन्तःशुल्क अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा माग गरेका कागजात र विवरण उपलब्ध गराउनु र आवश्यक सहयोगका लागि कर्मचारीको व्यवस्था गर्नु इजाजतपत्रवालाको कर्तब्य हुनेछ ।

१३ख. खाता प्रमाणित सम्बन्धी व्यवस्था : ऐनको दफा १०ख. को उपदफा (२) बमोजिमका खाताहरु कारोवार शुरु गर्नु पूर्व अन्तःशुल्क अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

१३ग. इजाजतपत्रवालाले अन्तःशुल्क विवरण पेश गर्नु पर्ने : अन्तःशुल्क उठाई बुझाउनु पर्ने दायित्व भएका इजाजतपत्रवालाले विक्रम संवत् अनुसारको एक महिनाको अन्तःशुल्कको विवरण सो महिना समाप्त भएको मितिले २५ दिन भित्र अनुसूची - ४ङ. बमोजिमको ढाँचामा सम्बन्धित अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

१३घ. अन्तःशुल्क विवरण पेश गर्न लगाउन सकिने : कुनै इजाजतपत्रवालाको मृत्यु भएमा वा निजले अन्तःशुल्क विवरण पेश गर्न शारीरिक वा मानसिक रुपमा असमर्थ भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रुपमा असमर्थ भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले अन्तःशुल्कजन्य कारोबार गरेको मानी अन्तःशुल्क अधिकृतले सो महिनाको अन्तःशुल्क विवरण निजको हकवाला वा कानून बमोजिमको प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ ।"

११. मूल नियमावलीको नियम १४क. थप : मूल नियमावलीको नियम १४ पछि देहायको नियम १४क. थपिएकोछ :-

"१४क. विभागले चुरोट र बिडीको प्रतिलब्धी दर तोक्न सक्ने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि चुरोट र बिंडीको उत्पादनको प्रतिलब्धी दर विभागले तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विभागले प्रतिलब्धी दर नतोकेको अवस्थामा चुरोट र बिंडी उत्पादन गर्ने इजाजतपत्रवालाले पेश गरेको प्रतिलब्धी दर उपर जाँचबुझ गरी त्यस्तो प्रतिलब्धी दरलाई विभागले मान्यता दिन सक्नेछ ।"

१२. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :-

"१५. बिंडीको उत्पादन तथा बिक्री वितरण: (१) बिंडी उत्पादन गर्ने इजाजतपत्रवालाले सो बिंडी उत्पादन गर्नको लागि खपत भएको कच्चा सूर्तिको हिसाब राखी बिंडीको उत्पादन तथा बिक्री वितरण
गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बिंडीको उत्पादन गरी बिक्री गर्नु पूर्व अनूसूची -९ बमोजिमको निष्काशन माग फाराम अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीबाट स्वीकृत गराएर मात्र निष्काशन गर्नु पर्नेछ ।"

१३. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को उपनियम (२) र (३) को सट्टा देहायका उपनियम (२) र (३) राखिएका छन् :-

"(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेका १५, २५, ३०, ४० र ५० यू.पी. शक्तिको मदिरालाई विभागले तोके बमोजिम बोतलबन्दी गर्नु पर्नेछ ।

(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ७० यू.पी. शक्तिको मदिरालाई ३०० मिली लिटरको पेट बोतल वा विभागले तोके बमोजिम बोतलबन्दीमा मात्र बिक्री गर्नु पर्नेछ ।"

१४. मूल नियमावलीको नियम २३क. मा संशोधन : मूल नियमावलीको नियम २३क. को सट्टा देहायको नियम २३क. राखिएको छ :-

"२३क. **वियर मौज्दात कमीको मिन्हा:** (१) वियर उत्पादन गर्ने इजाजतपत्रवालाले तयारी वियर अन्तिम रुपमा बोतल बन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी र पाश्चरराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेर बोतलमा प्रयोग हुन नसक्ने अवस्थाका क्राउनकर्कको मौज्दात कमीको विवरण विभागले तोकेको ढाँचामा मासिक रुपमा उल्लेख गरी मिन्हाका लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जाँच गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशत सम्म र पाश्चरराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेको वियरको भौतिक परीक्षण गरी बढीमा दुई प्रतिशतसम्म मौज्दात कमीको मिन्हा दिन सक्नेछ ।"

१५. मूल नियमावलीको नियम २५क. मा संशोधन : मूल नियमावलीको नियम २५क. को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) मोलासेस, रेक्टिफाईड स्प्रिट, इ.एन.ए, माल्ट स्प्रिट लगायतका मदिराका कच्चा पदार्थ तथा डिनेचर्ड स्प्रिटको पैठारी, उत्पादन तथा बिक्री वितरणका लागि विभागले प्रकृया तोकी नियन्त्रण गर्न सक्नेछ ।"

१६. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) चुरोट उत्पादन गर्ने प्रतिष्ठानलाई उपलब्ध गराइएका अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, बिग्रीएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले भौतिक परीक्षण गरी प्रमाणित गरेको आधारमा कार्यालयले त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ । त्यसरी च्यातिएका र बिग्रीएका अन्तःशुल्क टिकटको मुचुल्काको आधारमा विभागले तोकेको प्रक्रिया अनुसार सम्बन्धित कार्यालयले नष्ट गर्नु पर्नेछ ।"

१७. मूल नियमावलीमा नियम ३४क थप : मूल नियमावलीको नियम ३४ पछि देहायको नियम ३४क. थपिएको छ :-

"३४क. **मदिरा बिक्री वितरण सम्बन्धी व्यवस्था** : (१) नेपालभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेका प्रमुख राजमार्ग क्षेत्रमा ( होटेल, रेष्टुरेन्ट बाहेक) मदिराको कारोवार गर्नेले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोबार गर्न पाउनेछ ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी अरु सामानको पनि कारोवार गर्न पाउने छन् ।

(२) यो नियम प्रारम्भ हुँदाका वखत मदिरा तथा सूर्तिजन्य बस्तुको कारोवार गर्न इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले यो नियम प्रारम्भ भएको मितिले दुई महिनाभित्र उपनियम (१) बमोजिमको व्यवस्था गर्नु पर्नेछ । सो अनुसार गर्न नसक्ने व्यक्तिले दुई महिनाभित्र आफूसँग भएको मदिरा बिक्री वितरण गरी वा आपूर्तिकर्ता वा उत्पादकलाई फिर्ता गरी मौज्दात शून्य गर्नु पर्नेछ । उत्पादक वा आपूर्तिकर्ताले पनि त्यस्तो मौज्दात फिर्ता लिनु पर्नेछ ।"

१८. खारेजी: मूल नियमावलीको नियम ३१ खारेज गरिएको छ ।

१९. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको,-

(क) अनुसूची-१ र अनुसूची-२ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-१ र अनुसूची-२ राखिएका छन् ।

(ख) अनुसूची-४ पछि यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-४क., अनुसूची-४ख., अनुसूची -४ग., अनुसूची-४घ. र अनुसूची-४ङ. थपिएका छन् ।

(ग) अनुसूची-९ र अनुसूची-१३ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-९ र अनुसूची-१३ राखिएका छन् ।

रु.५।–
को टिकट
टाँस्ने

## अनुसूची–१

(नियम ३ र ५ सँग सम्वन्धित)

**श्रीमान प्रमुखज्यू,**
**आन्तरिक राजस्व कार्यालय/को.ले.नि.का., ............. ।**

मैले/हामीले देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेको छु /गरेकाछौं । उल्लिखित विवरण र तथ्य मैले/हामीले जानेबुझेसम्म ठीक छन् ।

(१) अन्तःशुल्क इजाजतपत्रको प्रकार :– (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा ✔ (ठीक) लगाउनु होस)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | विक्री | संचय | सेवा | ईटा | अन्य |
|---|---|---|---|---|---|---|---|
| नयाँ | | | | | | | |
| नवीकरण | | | | | | | |
| कारोवारको नाम | | | | | | | |

(२) व्यक्ति/प्रतिष्ठानको नाम :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अंग्रेजी | | | | | | |
| व्यक्ति भए निजको: | पति।पत्नीको नाम: | | बाबुको नाम: | | बाजे।ससुराको नाम: | |

(३) दर्ता विवरण :–

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्वर | | | | | | | | | |

कार्यालयको नाम :

| व्यवसाय दर्ता मिति नं. | कार्यालय र स्थान | दर्ता |
|---|---|---|
| | | |

| कारोवार शुरु भएको मिति आ.व. | नवीकरण हुनुपर्ने |
|---|---|
| २० / / | २० / |

(४) मुख्य कार्यालयको ठेगाना :–

| | स्थान | | पत्राचार गर्ने ठेगाना |
|---|---|---|---|
| घर नं.(ब्लक नं.) | | | |
| वडा नं. | | | |
| टोल | | | |
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा. ☐ गा.वि.स. | | | |
| जिल्ला | | | |
| क्षेत्र | | | |
| टेलिफोन नं. | | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल | |

(५) कारोवारको मुख्य स्थान :–
(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)
/

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |

| | | |
|---|---|---|
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |

| | | | |
|---|---|---|---|
| फ्याक्स नं. | | इमेल | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चार किल्ला | पूर्व | | पश्चिम | | उत्तर | | दक्षिण | |

(६) इजाजत दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरण:–

| क्र.सं. | कारोवारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैंक/कार्यालय | भौ.नं./र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

○ कार्यालयमा दाखिला गरेको भए सोको प.सं................मिति २० / /

○ कुनै राजस्व बाँकी छ/छैन । छ भने ?

आयकर

मू.अ.कर :

अन्तःशुल्क :

अन्य :

(७) प्रवन्ध निर्देशक/प्रमुख सञ्चालक/कार्यकारी निर्देशकको :–

(क) नाम

| | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति | | | |

(ग) राष्ट्रियता | |

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगाना :–

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | इमेल | |

निवेदकको,-

दस्तखत :

नाम :

पद :

संस्थाको छाप :

(८) कार्यालय प्रयोजनको लागि :–

................................इजाजतपत्र आ.व..........का लागि स्वीकृत भएको छ।

................................इजाजतपत्र आ.व..........का लागि नवीकरण भएको छ।

................................इजाजतपत्रका लागि भौ.नं.............।र.नं............... बाट रु.............दस्तुर र रु....................... थप दस्तुर (जरिवाना) दाखिला भएको छ।

पेश गर्ने : सिफारिस गर्नेः सदर गर्नेः

मिति

## अनुसूची-२

(नियम ३ र ५ संग सम्बन्धित)

## इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर

**इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :-**

१. मदिरा र इथानोल उत्पादन तर्फ :-

| | | |
|---|---|---|
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (घ) | वाईन/व्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु.४०,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. ८०,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १००,०००।- |

२. मदिरा विक्री वितरण तर्फ :-

(क) होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि

| | |
|---|---|
| (१) पाँचतारे होटल | रु.३०,०००।- |
| (२) चारतारे होटल | रु.२५,०००।- |
| (३) तीनतारे होटल | रु.१८,०००।- |
| (४) दुईतारे होटल | रु.१२,५००।- |
| (५) एकतारे होटल | रु. ७,०००।- |
| (६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ५,०००।- |
| (७) स्वदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ३,०००।- |

(ख) मदिरा विक्रेताको लागि :

| | |
|---|---|
| (१) मदिरा वितरक | रु. २०,०००।- |
| (२) थोक विक्रेता | रु. १२,०००।- |
| (३) स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा विक्रेता | रु. ८,०००।- |
| (४) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु ६०००।- |
| (५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका वाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु. २०००।- |
| (५) डिपार्टमेण्टल स्टोर | रु. १०,०००।- |

(ग) मदिरा निकासी तथा पैठारी कर्ताको लागि :

| | |
|---|---|
| (१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु. २०,०००।- |
| (२) मदिरा निकासीकर्ता | रु. ३,५००।- |

(घ) चुरोट निकासीकर्ता :

| | |
|---|---|
| नेपाल बाहिर चुरोट निकासीकर्ता | रु. ३,५००।- |

३. पैठारी तथा अन्य वस्तु खरीद विक्री र उत्पादन तर्फ :

(क) विदेशी चुरोट, सिगार, सुर्ती तथा सुर्तीजन्य वस्तु पैठारी गर्नेको लागि रु. १०,०००।-

(ख) विदेशी खैनी, जर्दा, नश पानपराग तथा पानमसला पैठारी गर्नेको लागि रु. २५,०००।-

(ग) पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती तथा सुर्तीजन्य वस्तु थोक खरीद बिक्री गर्नेको लागि रु.५,०००।-

(घ) चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरीद विक्री गर्नेको लागि रु.१,५००।-

(ङ) विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि रु.८,०००।-

(च) खुदो, गुँड र स्प्रिट खरीद बिक्री गर्नेको लागि रु.३,५००।-

(छ) ईंटा उत्पादन गर्ने उद्योगको प्रतिभट्टाका लागि रु. १,५०,०००।-

(ज) पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागि

(१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) रु.३०,०००।-

(२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) रु.६०,०००।-

४. **औद्योगिक उत्पादन तर्फ** :

माथि प्रकरण १, २ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूँजीको आधारमा प्रत्येक एक लाख रुपैयाँ स्थिर पूँजी भएको प्रतिष्ठानलाई तीस रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम तीन हजार रुपैयाँ भन्दा कम र अधिकतम पचास हजार रुपैयाँ भन्दा बढी हुनेछैन ।

प्रकरण १, २ र ३ मा उल्लिखित वस्तुहरु वाहेक अन्य वस्तुहरुको बिक्री वितरणको लागि इजाजतपत्र लिनु पर्ने छैन ।

५. **सेवा बिक्रीको लागि :** रु.२,०००।-

**दृष्टव्य** :

(१) यस्तो दस्तूर काठमाडौं उपत्यका बाहेक अन्य क्षेत्रमा पचास प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एकभन्दा वढी किसिमको मदिरा खरीद विक्री गर्ने भएमा सबभन्दा वढी दरको दस्तुर मात्र वुझाए पुग्नेछ ।

(३) ईंट्टा उत्पादकले प्रकरण ३ को खण्ड (छ) बमोजिम बुझाउनु पर्ने रकम मध्ये दश प्रतिशत इजाजतपत्र लिंदा, चालीस प्रतिशत माघ मसान्तसम्म र बाँकी रकम फाल्गुण मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएको छ ।

(४) मूल्य अभिवृद्धि करमा दर्ता भएका ईंट्टा उत्पादन गर्ने उद्योगहरुले इजाजतपत्र दस्तूर तिर्नु पर्ने छैन ।

तर यस्ता ईंट्टा उत्पादकहरुले एक आर्थिक वर्षका लागि बुझाउनु पर्ने इजाजतपत्र दस्तूर भन्दा कम मूल्य अभिवृद्धि कर असुल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गरको अवस्थामा त्यस्तो कम भएको रकम इजाजतपत्र दस्तूर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ र सो अवधिभित्र दाखिला नगरेमा सोमा ऐन बमोजिम बिलम्ब दस्तूर लाग्नेछ ।

**अनुसूची - ४क**

(नियम ६क को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

# cGtMz'Ns lgwf{/0f cfb]z

मिति :      /    /

श्री … … … … … …

१)  इजाजतपत्रवालाको नाम :

२)  इजाजतपत्रवालाको ठेगानाः

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३) स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजतपत्र नम्वर | | | | | | | | | |

४)  अन्तःशुल्क निर्धारण भएको अवधि ………………………………

५)  अन्तःशुल्क निर्धारण गर्ने ऐनको दफा ………….. तथा नियमावलीको नियम ………….. सँग सम्बन्धित ।

निम्नानुसारको अन्तःशुल्क रकम रु. …………………( अक्षरेपी………………………………………………………… मात्र) तिर्नु नपर्ने अथवा परिवर्तन गर्नु पर्ने कुनै ठोस प्रमाण भए यो पत्र प्राप्त गर्नु भएको पन्ध्र दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु होला । अन्यथा यो आदेश प्राप्त गर्नु भएको पन्ध्र दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी…………………………………………… स्थित ………………………………… बैंक वा नगद दाखिला गर्नु होला ।

**अन्तःशुल्क निर्धारण गर्नु पर्ने कारणहरुः**

१.  म्याद भित्र अन्तःशुल्क विवरण दाखिला नगरेकोले

२.  अधूरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेकोले

३.  झुट्टा अन्तःशुल्क विवरण पेश गरेकोले

४.  अन्य

५.  मिति …………………… सम्मको विलम्व दस्तुर र जरिवाना गणना गरिएको छ ।

अन्तःशुल्क अधिकृत

**अन्तःशुल्क निर्धारण भएको अवधि**

| क्र.सं. | मासिक | महिना | वर्ष | थप अन्तःशुल्क निर्धारण भएको रकम | विलम्व दस्तुर | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | | | जम्मा | | | | |

**कार्यालय प्रयोजनको लागि मात्र**

---

## कम्प्यूटर प्रविष्टि

मिति : ______/___/____

____________________________
अन्तःशुल्क अधिकृतको दस्तखत

अनुसूची - ४ख

(नियम ६क को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# clGtd cGtMz'Ns lgwf{/0f cfb]z

मिति : ____/____/________

श्री … … … … … …

१) इजाजतपत्रवालाको नाम ________________________________

२) इजाजतपत्रवालाको ठेगाना ____________________________

________________________________

| ३) स्थायी लेखा नम्बर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्तःशुल्क इजाजतपत्र नम्बर | | | | | | | | | |

४) अन्तःशुल्क निर्धारण भएको अवधि ……………………………….

५) अन्तःशुल्क निर्धारण गर्ने ऐनको दफा …………… तथा नियमावलीको नियम ……………. सँग सम्बन्धित ।

तपाईले पेश गर्नु भएको जवाफ तथा प्रमाण कागजातहरुसमेतको मूल्यांकन गर्दा निम्नानुसारको अन्तःशुल्क रकम रु. ………………………. (अक्षेरेपी……………………………………………………) मात्र तिर्नु पर्ने देखिन आएको छ । उक्त रकम यो आदेश जारी भएको मितिले सात दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी …………………………. स्थित …………………………………………………. बैंकमा नगद दाखिला गर्नु होला । यो आदेश जारी भएको मितिले सात दिन भित्र अन्तःशुल्क नबुझाएमा बिलम्व दस्तुर र जरीवाना लाग्ने ब्यहोरा सूचित गरिन्छ । यो आदेशमा चित्त नबुझे ऐन बमोजिम पुनरावलोकनको लागि निवेदन दिन सकिने कुरा जानकारी गराइन्छ ।

## अन्तःशुल्क निर्धारण गर्नु पर्ने कारणहरु

१. म्याद भित्र अन्तःशूल्क विवरण दाखिला नगरेकोले

२. अधूरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेकोले

३. झुट्टा अन्तःशुल्क विवरण पेश गरेकोले

४. अन्य________________

५. मिति ……………………. सम्मको विलम्व दस्तूर र जरिवाना गणना गरिएको छ ।

____________________

अन्तःशुल्क अधिकृत

## अन्तःशुल्क निर्धारण भएको अवधि

| क्र.सं. | मासिक | महिना | वर्ष | थप अन्तःशुल्क निर्धारण भएको रकम | विलम्व दस्तुर | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | | | जम्मा | | | | |

कार्यालय प्रयोजनको लागि मात्र

**कम्प्यूटर प्रविष्टि**

मिति : ________/______/______

______________

अन्तःशुल्क अधिकृतको दस्तखत

अनुसूची - ४ग
(नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

# v/Lb vftf

| स्थायी लेखा नम्बर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

अन्तःशुल्क इजाजतपत्र नं.

खरीद भएको अवधि : महिना ............. साल ..................

| विजक | | | | जम्मा | अन्तःशुल्क नलाग्ने | अन्तःशुल्क योग्य खरीद | | अन्तःशुल्क योग्य पैठारी | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | विजक नम्बर | आपूर्तिकर्ताको नाम | आपूर्तिकर्ताको नम्बर | खरीद मूल्य | खरीद मूल्य | मूल्य | अन्तःशुल्क (रु.) | मूल्य | अन्तःशुल्क (रु.) |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कूल जम्मा** | | | | | | |

**नोट :** इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर खरिद खातासँग समायोजन गरी तयार गर्न सकिनेछ ।

**अनुसूची - ४घ**
(नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

# laqmL vftf

| करदाता दर्ता नम्बर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

अन्तःशुल्क इजाजतपत्र नं.

बिक्री भएको अवधि : महिना .................. साल .....................

| विजक | | | | जम्मा विक्री | | निकासी | अन्तःशुल्क योग्य विक्री | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | विजक नम्बर | खरीदकर्ता को नाम | खरीदकर्ताको दर्ता नं. | परिमाण | मूल्य | | मूल्य | अन्तःशुल्क |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **कूल जम्मा** | | | | | |

**नोट** : इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर विक्री खातासँग समायोजन गरी तयार गर्न सकिनेछ ।

**अनुसूची - ४ङ**
(नियम १३ग सँग सम्बन्धित)

नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

# cGtMz'Ns ljj/0f

| वर्ष : ____________ | महिना | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन महिनाको हो त्यसमा (✔)चिन्ह लगाउनुहोस

| स्थायी लेखा नम्वर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्तःशुल्क इजाजत नम्वर | | | | | | | | | |

नाम ____________________

ठेगाना ____________________

यस अवधिमा कारोवार नगरेको भए तलको महलमा शुन्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस । रु.१ भन्दा घटि भएमा पैसालाई रु.१ मा मिलान गरी विवरण भर्नुहोला ।

| | कारोवार मूल्य | खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट | विक्रीमा संकलन गरेको अन्तःशुल्क डेबिट |
|---|---|---|---|
| **१. विक्री** | | | |
| १.१. अन्तःशुल्क योग्य विक्री | | | |
| १.२ निकासी | | | |
| **२. खरिद /पैठारी** | | | |
| २.१. अन्तःशुल्क योग्य खरिद | | | |
| २.२. अन्तः शुल्क योग्य पैठारी | | | |
| २.३. छुट खरिद | | | |
| २.४. छुट पैठारी | | | |
| **३. अन्य** | | | |
| ३.१. अन्य थपघट | | | |
| ४. जम्मा | | | |

५. डेबिट-क्रेडिट (+ वा -) ______

____________________

६. गत महिनाको मिलन गर्न वाँकी क्रेडिट

____________________

७. कुल तिर्नु पर्ने अन्तः शुल्क रु.(५-६) (+ वा -)

______________________________________________

म, ________________________(पूरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पूरा भएको व्यहोरा प्रमाणित गर्दछु ।

मिति :_____________________

दस्तखत : ________________________________ पद : ______________________

**कार्यालय प्रयोजनको लागि मात्र**

---

कम्प्यूटर दर्ता

मिति ____ /____ /____ _____________________

अन्तःशुल्क अधिकृत

* नोट : परिमाणको आधारमा अन्तःशुल्क लाग्ने बस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले शुरु मौज्दात उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ ।

## अनुसूची ९
(नियम १४ को खण्ड (च) र नियम १५ को उपनियम (२) सँग सम्बन्धित )

चुरोट तथा बिंडीको निष्काशन माग फाराम

इजाजतपत्रवालाको नाम र ठेगाना :–

इजाजतपत्र नं.............आ.व.......................स्थायी लेखा नं.........................

| क्रम संख्या | गोदाम घरको नं. र मिति | चुरोट/बिंडीको नाम र प्याकिङ्ग क्रम संख्या | परिमाण वट्टा, ग्रुस वा पोका | मूल्य | अन्तःशुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर (रु.) | अन्तःशुल्क (रु.) | |
| | | | | | | | |

१. जम्मा प्याकेजको संख्या :–

२. सामानको परिमाण :–

३. अन्तःशुल्क दरः–

४. चुरोटको हकमा मात्र :– आवश्यक अन्तःशुल्क टिकट संख्या :–

निष्कासन माग गर्ने प्रतिनिधि/प्रवन्धकको
दस्तखत–
नाम :–

कार्यालय प्रयोजनको लागि

---

१. निष्काशन माग गरेको परिमाणको जम्मा हुने अन्तःशुल्क रकम रु........................... भौ.नं./र.नं. .......... मिति ........... मा दाखिला छ र अन्तःशुल्क टिकट थान ................को प्रति थान रु...................ले रु................. दाखिला छ।
अन्तःशुल्क निरीक्षक/फाँटवालाको दस्तखतः–
मिति :

२. उपरोक्त अनुसार दाखिला भएको तथा सिफारिसका आधारमा चुरोट/बिंडी निष्कासन स्वीकृति दिइएको छ।

अन्तःशुल्क अधिकृतको दस्तखतः–
मिति :

## अनुसूची १३

(नियम ६ को उपनियम (४) र (५) तथा नियम २९क. सँग सम्वन्धित )

कर विजकको ढाँचा

विजक नं. :
विक्रेताको नाम :
ठेगाना :
फोन नं.:
फ्याक्स नं. :
विक्रेताको दर्ता नं. :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

क्रेताको नाम :
ठेगाना :
भुक्तानीको तरिका : नगद/चेक/ड्राफ्ट/अन्य

कारोवार मिति :
विजक जारी भएको मिति :
इमेल :
वेभसाइट :

| सि.नं. | विवरण | परिमाण | प्रति एकाई मूल्य (रु.) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | जम्मा | |
| | | | अन्तःशुल्क प्रतिशत......../परिमाण.........का दरले रु. | |
| | | | कूल रकम | |
| | | | छुट | |
| | | | खुद रकम | |
| | | | ....% ले मू.अ.कर | |
| | | | कूल जम्मा | |

विक्रेताको दस्तखतः

## सूचना-२

# मदिरा (पहिलो संशोधन) नियमहरु, २०६५

मदिरा नियमहरु, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मदिरा ऐन, २०३१ को  दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "मदिरा  (पहिलो संशोधन) नियमहरु, २०३३" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मदिरा नियमहरु, २०३३ को नियम २ मा संशोधनः मदिरा नियमहरु, २०३३ (यसपछि "मूल नियम" भनिएको) को नियम २  को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "अन्तःशुल्क अधिकृत" भन्नाले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ ।"

३. मूल नियमको नियम ४ मा संशोधन : मूल नियमको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको
छ :-

"४. **इजाजतपत्र दस्तुर र नवीकरण दस्तूर** : मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न दिइने इजाजतपत्र वापत लाग्ने दस्तुर र इजाजतपत्र नवीकरण दस्तुर अन्तःशुल्क नियमावली, २०५९ बमोजिम हुनेछ ।"

४. मूल नियमको नियम ६ मा संशोधन : मूल नियमको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः-

"६. **इजाजतपत्रको अवधि र नवीकरण** :– (१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि नियम ४ बमोजिमको दस्तुर सहित अनुसूची – १ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष दरखास्त दिई श्रावणमहिना भित्र नवीकरण गराउनु पर्नेछ ।

तर कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शतप्रतिशत जरिवाना बुझाई नवीकरण गराउन सक्नेछ ।

(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा नवीकरण वापत लाग्ने नियम ४ बमोजिमको दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शत प्रतिशत थप इजाजतपत्र नवीकरण दस्तुर र वक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

(५) कुनै व्यक्तिले उपनियम (१) बमोजिमको इजाजतपत्र नलिई कारोवार गरेमा इजाजतपत्र वापत र सोको नवीकरण वापत लाग्ने दस्तुर असूल उपर गरी प्रचलित कानून बमोजिमको जरिवाना समेत बुझाउनु पर्नेछ ।"

५. मूल नियमको नियम ७ मा संशोधन : मूल नियमको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. **इजाजतपत्र लिनु नपर्ने** : नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा इजाजतपत्र लिनुपर्ने छैन :–

(क) कुटनैतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्न,

(ख) कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथमा तीन बोतलसम्म रक्सी र बाह्र बोतलसम्म वियर लिई आउन,

(ग) नमूना परीक्षण तथा अध्ययन अनुसन्धानका लागि विभागले तोकेको परिमाणसम्म पैठारी गर्न,

(घ) कुनै व्यक्तिले निजी उपयोगका लागि एकपटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड वनाउन,

तर,

(१) यसरी रक्सी र जाँड वर्षको ६ पटक भन्दा बढी बनाउन पाइने छैन ।

(२) यसरी रक्सी र जाँड बनाउने ब्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाई दिनु पर्नेछ ।"

६. खारेजी : मूल नियमको नियम ५, ८ र ९ खारेज गरिएका छन् ।

७. रुपान्तरण : मूल नियमको ठाउँठाउँमा रहेका "अनुमतिपत्र" र "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरुको सट्टा क्रमशः "इजाजतपत्र" र "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल नियमको अनुसूचीमा संशोधन : मूल नियमको अनुसूची-१ र २ को सट्टा यसैसाथ संलग्न भए बमोजिमका अनुसूची १ र २ राखिएका छन् ।

रु. ५ को टिकट

अनुसूची–१
(नियम ३ को उपनियम (१) र नियम ६ को उपनियम (२) सँग सम्वन्धित)

## इजाजतपत्र तथा नवीकरणका लागि दिइने दरखास्तको ढाँचा

श्रीमान प्रमुखज्यू,
आन्तरिक राजस्व कार्यालय/को.ले.नि.का., ............. ।

मैले/हामीले मदिराको देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेकोछु /गरेकाछौं । उल्लिखित विवरण र तथ्य मैले। हामीले जानेबुझेसम्म ठीक छन् ।

(१) इजाजतपत्रको प्रकार : (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा ✔ (ठीक) लगाउनु होस)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | विक्री | संचय | अन्य |
|---|---|---|---|---|---|
| नयाँ | | | | | |
| नवीकरण | | | | | |
| कारोवारको नाम | | | | | |

(२) व्यक्ति/प्रतिष्ठानको नाम :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अंग्रेजी | | | | | | |
| व्यक्ति भए निजको: | पति।पत्नीको नामः | | बाबुको नामः | | बाजे। ससुराको नामः | |

(३) दर्ता विवरण :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्वर | | | | | | | | | |

कार्यालयको नाम :

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

आ.व.

| कारोवार शुरु भएको मिति | नवीकरण हुनुपर्ने |
|---|---|
| २० / / | २० / |

(४) मुख्य कार्यालयको ठेगाना :

| | स्थान | | पत्राचार गर्ने ठेगाना |
|---|---|---|---|
| घर नं.(ब्लक नं.) | | | |
| वडा नं. | | | |
| टोल | | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | | |
| जिल्ला | | | |
| क्षेत्र | | | |
| टेलिफोन नं. | | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल | |

(५) कारोवारको मुख्य स्थान :
(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

| / | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | | | | | | | | |
| टेलिफोन नं. | | | | | | | | पो.व.नं. |
| फ्याक्स नं. | | | | | | | इमेल | |
| चार किल्ला | पूर्व | | पश्चिम | | उत्तर | | दक्षिण | |

(६) इजाजतपत्र दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः–

| क्र.सं. | कारोवारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैंक/कार्यालय | भौ.नं./र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- कार्यालयमा दाखिला गरेको भए सोको प.सं................मिति २०  /  /
- कुनै राजस्व बाँकी छ/छैन । छ भने ?

आयकर

मू.अ.कर :

अन्तःशुल्क :

अन्य :

(७) प्रवन्ध निर्देशक/प्रमुख सञ्चालक/कार्यकारी निर्देशकको :

(क) नाम

| | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति

| | | |
|---|---|---|
| | | |

(ग) राष्ट्रियता

| |
|---|
| |

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | ारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगाना :

| | स्थान | | पत्राचार गर्ने ठेगाना |
|---|---|---|---|
| घर नं.(ब्लक नं.) | | | |
| वडा नं. | | | |
| टोल | | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | | |
| जिल्ला | | | |
| क्षेत्र | | | |
| टेलिफोन नं. | | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल | |

निवेदकको,-

दस्तखत :

नाम :

पद :

संस्थाको छाप :

(८) कार्यालय प्रयोजनको लागि :

| | |
|---|---|
| ................................इजाजतपत्र | आ.व...........................का लागि स्वीकृत भएको छ। |

<table>
<tr><td colspan="2">..................................इजाजतपत्र</td><td>आ.व............................का लागि नवीकरण भएको छ ।</td></tr>
<tr><td colspan="3">................................इजाजतपत्रका लागि भौ.नं..............र.नं............... बाट रु.............दस्तुर र रु....................... थप दस्तुर ( जरिवाना) दाखिला भएको छ ।</td></tr>
<tr><td>पेश गर्ने :</td><td>सिफारिस गर्ने :</td><td>सदर गर्ने :</td></tr>
<tr><td colspan="2">मिति</td><td></td></tr>
</table>

अनुसूची २
(नियम ४ संग सम्बन्धित)
नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

फोटो

**इजाजतपत्र**

| संकेत नं. | स्थायी लेखा नं. | इजाजत नं. |
|---|---|---|
| | | |

आन्तरिक राजस्व कार्यालय :

मदिरा उत्पादन/खरिद/बिक्री/निकासी/ पैठारी/सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ। मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ मा उल्लेखित शर्त समेत पालना गर्नु पर्नेछ।

**इजाजतपत्र पाउने प्रतिष्ठानको**

**नाम :**

**ठेगाना :**

**सञ्चालकको नाम :**

**सञ्चालकको स्थायी ठेगाना :**

**कारोवारको विवरण :** स्वदेशी/विदेशी

**कारोवारको किसिम :** उत्पादक/वितरक/थोक बिक्रेता/खुद्रा बिक्रेता
निकासी/पैठारी/रेष्टूरेण्ट/डिपार्टमेण्टल स्टोर/होटल

**इजाजतपत्र पाउनेको**

दस्तखत : ____________

**इजाजतपत्र जारी गर्ने अधिकारीको**

दस्तखत : ________________

नाम : ________________

दर्जा : ________________

..................................................................

कृपया अन्य जानकारीको लागि पछाडि हेर्नु होला।

(क) **इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरु**

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिना भित्र नवीकरण गराईसक्नु पर्नेछ ।

२. इजाजतपत्र सबैले देख्नेगरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

३. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

४. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ ।

५. विहान १०:०० बजे देखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ ।

६. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

७. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

८. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नुपर्नेछ । अन्तःशुल्क टिकट नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ ।

९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरुको पालना गर्नु पर्नेछ ।

(ख) **वण्डेड वेयर हाउस र करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरु :**

१. कुटनैतिक सुविधाप्राप्त व्यक्ति, संस्था वा नियोगलाई वण्डेड वयर हाउसबाट नै बिक्री गर्नु पर्नेछ ।

२. करमुक्त पसलले बैंक ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरण सँगै बुझाउनु पर्नेछ ।

३. वण्डेड वयर हाउसमा भन्सार विन्दुबाट भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहवरमा मात्र भित्र्याउने र निकाल्ने गर्नु पर्नेछ ।

४. आगमन तथा प्रस्थान दुवैतर्फ बिक्री गर्दा हरेक व्यक्तिको छुट्टाछुट्टै बिजक बनाउनु पर्ने र सोमा पासपोर्ट नम्बर, राष्ट्रियता तथा फ्लाइट नम्बर उल्लेख गर्नु पर्नेछ ।

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले,
(रामेश्वरप्रसाद खनाल)
नेपाल सरकारको सचिव